

सार्वजनिक नगरिने सूचनाहरू

# सार्वजनिकीकरणका अपवादहरू

१. यस्ता आन्तरिक सूचनाहरू, जो सार्वजनिक भएमा डाइरेक्टरहरू, वैकल्पिक डाइरेक्टरहरू, डाइरेक्टरका सल्लाहकारहरू, व्यवस्थापनका सदस्यहरू, एडीबीका कर्मचारी र परामर्शदाताहरूबीच आपसमा आन्तरिक कागजात, ज्ञापन र सञ्चारका अरू माध्यमबाट हुने विचारहरूको खुला आदानप्रदान र सम्वाद अवरुद्ध हुन गई त्यसबाट एडीबीको विचार-विमर्श तथा निर्णय प्रक्रिया कुण्ठित हुन जाने सम्भावना हुन्छ।

२. एडीबी र यसका सदस्यहरू तथा एडीबीले सहयोग गर्ने अन्य निकायहरूबीचको आदानप्रदान, विचार-विमर्श र निर्णय प्रक्रियाका लागि तयार पारिएका सूचना वा त्यसबाट निकालिएका सूचनाहरू, जुन सार्वजनिक भएमा सदस्य राष्ट्रहरू र एडीबीले सहयोग गर्ने अन्य निकायबीच र खासगरी विकासोन्मुख राष्ट्रहरूसित नीतिगत विषयमा हुने विचारहरूको खुला आदानप्रदान तथा संवाद कुण्ठित हुन गई एडीबी र यसका सदस्यहरूबीचको विचार-विमर्श र निर्णय प्रक्रियामा असर पुग्नसक्ने सम्भावना रहेको हुन्छ।

३. सरकार वा अन्तर्राष्ट्रिय संगठनहरूबाट गोप्यरुपमा उपलब्ध सूचनाहरू, जो सार्वजनिक भएमा सम्बन्धित पक्षसँग एडीबीको सम्बन्ध भौतिकरुपमा पूर्वाग्रही हुन सक्नेछ।

४. डाइरेक्टरहरू, वैकल्पिक डाइरेक्टरहरू, डाइरेक्टरका सल्लाहकारहरू, व्यवस्थापनका सदस्यहरू, एडीबीका कर्मचारीहरू र परामर्शदाताहरूको रोजगारीका शर्त, उनीहरूको कार्य-सम्पादन मूल्यांकन, व्यक्तिगत स्वास्थ्यसम्बन्धी जानकारी, व्यक्तिगत विवरणसाथै कर्मचारीसम्बन्धी नियम र बोर्ड अफ डाइरेक्टर्ससम्बन्धी नियम तथा अन्य नियमावलीहरूले अनुमति दिएको सीमाभन्दा बाहेकका आन्तरिक पुनरावेदनप्रणाली र छानबिनको विवरण।

५. एडीबीले भविष्यमा दिने ऋणहरूको अनुमान, वित्तीय प्रक्षेपण, एडीबीको कोष सञ्चालनका लागि व्यक्तिगत लगानीका निर्णयहरू र कर्जा विश्लेषण।

६. मुलुकको ऋणसम्बन्धी विश्वसनीयताको विश्लेषण र कर्जाको स्तर निर्धारण।

७. बोर्ड अफ डाइरेक्टर्सको कार्यविधि (बैठकको माइन्युट र अध्यक्षको निष्कर्षबाहेक)

८. कुनै पक्षले एडीबीलाई उपलब्ध गराएका सूचनाहरू, जो सार्वजनिक भएमा त्यस्तो पक्षको व्यापारिक स्वार्थ, वित्तीय स्वार्थ र/वा प्रतिस्पर्धात्मक अवस्थाउपर भौतिकरुपमा प्रभाव पर्नेछ वा पर्नसक्नेछ।

९. गोप्य व्यापारिक सूचनाहरू अर्थात् एडीबीले आफ्ना सेवाग्राही व्यक्ति वा संस्था, सल्लाहकारहरू, परामर्शदाताहरू र अन्य सम्बन्धित पक्षहरूसँग गर्ने गोपनीयतासम्बन्धी सम्झौताअन्तर्गतका सूचनाहरू।

१०. टेन्डरदाताले पेस गरेको पूर्व-योग्यतासम्बन्धी जानकारी, बोलपत्र, निविदा वा अंकित मूल्यबारेको सूचना र खरिद प्रक्रियासँग सम्बन्धित सूचनाहरू।

११. त्यस्ता सूचनाहरू जो सार्वजनिक भएमा कुनै पनि व्यक्तिको जीवन, स्वास्थ वा सुरक्षा खतरामा पर्नेछ वा पर्नसक्नेछ।

१२. त्यस्ता सूचनाहरू जो सार्वजनिक भएमा न्याय प्रशासन भौतिकरुपमा प्रभावित हुनेछ वा हुनसक्नेछ।

१३. कानुनी प्रतिनिधिको विशेषाधिकारसम्बन्धी सूचना वा त्यस्ता सूचना जुन सार्वजनिक भएमा तत्सम्बन्धी विषयमा भइरहेको अनुसन्धान प्रभावित हुनसक्छ।

१४. भ्रष्टाचारसम्बन्धी आरोपको स्रोत।

१५. भ्रष्टाचारविरुद्धको नीतिअन्तर्गत अनुसन्धानमा रहेका वा अयोग्य घोषित भएका (कालोसूचिमा परेका) व्यक्तिहरूको नामावली।

१६. महालेखापरिक्षकको कार्यालय र एडीबीको वाह्य लेखापरिक्षकद्वारा तयार पारिएका लेखापरिक्षण प्रतिवेदनहरू।

१७. त्यस्ता सूचनाहरू, जो सार्वजनिक भएमा सदस्य राष्ट्रको रक्षा वा राष्ट्रिय सुरक्षा भौतिकरुपमा प्रभावित हुनेछ वा हुनसक्नेछ।

१८. यस्ता वित्तीय सूचनाहरू, जो सार्वजनिक भएमा सदस्य राष्ट्रका सरकारको अर्थतन्त्र व्यवस्थापन गर्ने दक्षता भौतिकरुपमा प्रभावित हुनेछ वा हुनसक्नेछ।

१९. त्यस्ता सूचनाहरू, जो सार्वजनिक भएमा प्रतिलिपि अधिकारलगायत अन्य विद्यमान कानूनको उल्लंघन हुनेछ वा हुनसक्नेछ।

**एसियाली विकास बैंक** ADB